कीर्तिपुरको चित्रण

का. जि. प्र. का दर्ता नं. २११ –२०६८/०६९

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष ३ अंक ११२ ने. सं. ११३३ यंलागा खष्ठि बुधवाः २०७० असोज ९ गते बुधवार (Sep -25, 2013) मुल्य : ५/– (न्यातका)

# एमालेभित्र अन्तरघात गर्ने संभावना

## ‘दुवाललाई टिकट दिए मानन्धर पक्षले र मानन्धरलाई टिकट दिए दुवाल पक्षले घात गर्ने संभावना’

**कीर्तिपुर सन्देश/**

आगामी मंसिर ४ गते हुने भनिएको संविधानसभाको दोस्रो निर्वाचनमा आ-आफ्नो पार्टीको तर्फवाट उम्मेदवारीको टिकट लिन कीर्तिपुरका स्थानीय नेताहरु सक्रिय भएका छन्। पार्टीवाट टिकट लिनका लागि मात्र सक्रिय नभई आफूलाई टिकट नदिए अन्तरघात गर्ने तयारीमा समेत नेताहरु लागेका छन् । यसरी अन्तरघात गर्ने संभावना एमाले र कांग्रेस भित्र रहेको सूत्रले बताएको छ। एमालेको तर्फवाट यसपालि कीर्तिपुर क्षेत्र अर्थात निर्वाचन क्षेत्र नं. १० वाट टिकट पाउने संभावना रहेका पाँगाका रामकृष्ण दुवाल एक नम्बरमा हुनुहुन्छ। उहाँ नेकपा एमाले र ाष्ट्रिय प्रतिनिधि परिषद् सदस्य, राष्ट्रिय जनसांस्कृतिक महासंघका पूर्व उपाध्यक्ष समेत रहनु भएका उहाँ उपत्यका समन्वय समितिका सदस्य र हाल सांस्कृति संयोजकको रुपमा कार्यरत हुनु हुन्छ। त्यसै गरि टिकटको दावी गर्दै आएका अर्का स्थानीय नेता सुरेन्द्र मानन्धर हुनुहुन्छ । उहाँ कीर्तिपुर नगर कमिटीका अध्यक्ष हुनुहुन्छ। राजनीतिक संलग्नताको सवालमा मानन्धरभन्दा दुवाल निकै पुरानो र उच्च तहमा रहेको छ । क्षेत्रीय कमिटीको सिफारिस समानुपातिकमा दुवालको नाम सिफारिस भएको भएतापनि उहाँको पार्टीप्रतिको प्रतिवद्धता र योगदानको कदर गर्दै काठमाडौं जिल्ला कमिटी र उपत्यकाले रामकृष्ण दुवालको नाम एक नम्बरमा सिफारीस गरेर पठाए पछि मानन्धर पक्ष बरोबर डेलिगेशन जान थालेका छन ।

एमालेका पुराना प्रतिबद्ध नेता तथा कार्यकर्ताहरु रामकृष्ण दुवाललाई टिकट दिनुपर्ने कुरामा जोड दिदै आएका छन्। नगर कमिटिभित्रका कार्यकर्ताहरु सुरेन्द्र मानन्धरले टिकट पाउनु पर्ने मांग जोडतोडका साथ उठाइरहेका छन । जसले गर्दा उम्मेदवार छनौट गर्न ढिला भएको हो । दुवै पक्ष आफनै पक्षले उम्मेदवारी पाउनु पर्ने कुरामा जोड दिंदै भेला, डेलिगेशन जान थालेकाले कथंकदाचित आफनो पक्षले उम्मेदवारी नपाए घात गर्न सक्ने संभावना बढ्दै गएका छन ।

त्यस्तै नेपाली कांग्रेसले पनि क्षेत्र नं.१० को उम्मेदवारी निर्णय गर्न सकेको छैन। क्षेत्रीय समितिले क्षेत्रीय सभापति र ाजकुमार नकर्मिलाई समानुपातिकमा एक नम्बरमा नाम र ाखेर राजन के.सी.को नाममात्र प्रत्यक्षको उम्मेदवारको रुपमा सिफारिस गरेर पठाएपछि अर्का दावेदार जिल्ला सदस्य घनश्याम गिरीले पुनर्विचार गर्न मांग गरेको छ।

## के प्रचण्डको वागी उठ्ने संभावना भएकै हो ?

पछिल्लो समयमा कीर्तिपुर क्षेत्रमा यदि एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड चुनावमा उठ्ने हो भने स्थानीय नेताहरु वागी उम्मेदवार हुन तयार रहेको चर्चा चल्न थालेको छ। सो प्रशंगमा स्थानीय नेता पञ्चलाल महर्जनसंग सम्पर्क गर्दा सो कुरा हल्ला मात्र भएको वताउनु भयो।

एकीकृत माओवादी पार्टी भित्र काठमाण्डौं जिल्ला निर्वाचन क्षेत्र नं. १० मा स्थानीय नेतृत्वलाई नै उम्मेदवार दिनुपर्ने कुरामा पार्टी भित्र छलफल भइरहेको र यस कुरामा आफूले जोडदार रुपमा उठाउदै आएको स्थानीय नेता पञ्चलाल महर्जनले बताउनु भएको छ।

राजधानीवाट प्रकाशित एक राष्ट्रिय दैनिक पत्रिकामा वागी उम्मेदावर बन्ने तयारीमा रहेको कुरा आएपछि उहाँले कीर्तिपुर सन्देश साप्ताहिकसंग कुरा गर्दै आफूहरुले पार्टीलाई जनताको वीचमा स्थापित गर्न उठाउँदै आएको एजेण्डालाई तोडमोड गरि बागी उम्मेदवार दिने भनी जुन ढंगवाट प्रचारमा ल्याइयो त्यो वास्तविकता नभएको समेत महर्जनले बताउनु भयो। साथै उहाँले आफ्नो पार्टी सबैभन्दा ठूलो दल भएको नाताले स्थानीय स्तरमा नै राजनीतिक र वैचारिक नेतृत्व गर्ने र चुनावमा उठ्ने एक से एक क्षमतावान र योग्य नेता तथा कार्याकर्ताहरु समेत रहेको दावी गर्नु भयो । यसर्थ आफूलाई उम्मेदवारको रुपमा मैदानमा उभ्याइन्छ भने कुनै नौलो कुरा नहुने समेत बताउनु भयो। तर पछिल्लो समयमा आएर १० नं. क्षेत्रमा पार्टी अध्यक्ष प्रचण्ड नै उठ्ने चर्चाको प्रशंगमा भने उहाँले पार्टी अध्यक्षको पनि संभावना रहेको स्वीकार गर्नुभयो। पार्टी अध्यक्ष उठ्नु भयो भने वागी उठ्ने चर्चाको सन्दर्भमा पञ्चलाल महर्जनले त्यस्तो कुनै संभावना नरहेको वताउनु भयो।

यहाँ जाँड-रक्सी, चुरोट, गाँजा तथा ड्रग्सको कुलत छुटाउने विशुद्ध जडिबुटी पाईन्छ। सम्पर्कः– फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग, फोन ४३३६७०१,९८०३५०२२५९

## कार्यालय सर्ने सूचना

यस दर्शन वचत तथा ऋण सहकारी संस्था लि.को कार्यालय मिति २०७० आश्विन १८ गतेबाट की..न.पा. वडा नं.१७ बाहिरी गाउँस्थित नेपाल टेलिकमसँगै जोडिएको घरमा सर्ने भएकोले समस्त शेयरधनी, वचतकर्ता तथा सर्वसाधारणलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

**दर्शन बचत तथा ऋण सहकारी संस्था लि.**

कीर्तिपुर–३, काठमाडौं, फोन नं. ४३३६७७६

कोरियन भाषाकक्षाहरु

धमाधम सञ्चालन

प्रशिक्षकहरुः

दक्ष, अनुभवी, वरिष्ठ र अनुवादक

विगतवर्षहरुका विद्यार्थीहरुले १००% नतिजा ल्याउन सफल

*Our Services:*

- All students are given a copy of the *New Korean Course Book* and *Self Study Book* and *CDs* Listening practice
- The courses provide guidance and practice in all aspects of Korean Learning [Speaking, listening, reading, writing]
- The course focuses on the exam techniques required to succeed at EPS-TOPIK or class time is mostly devoted to speaking and communication practice and reading and writing tasks are set as homework
- Self study tests are available at Valley Institute, Kirtipur & Bagbazar & Power Point facilities [Projector Classes]
- After course Complete, there is Bonus classes or Revision classes with Exam Tips

VALLEY INSTITUTE

Time: Morning, Day & Evening

Ph: 01-4332509/9849421216

Near Kirtipur New Gate

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक/
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह
व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

## उम्मेदवार छनौटमा विवाद किन ?

मंसिर ४ गते संविधानसभाको दोस्रो निर्वाचन जसरी भएपनि गर्नुपर्ने कुरा राख्दै आएका प्रमुख दलहरुमा उम्मेदवार छनौटमा विवाद देखिएका कारण राजनीतिक रुपमा सचेत नागरिकहरुले अचम्म मानेका छन् ।

विगतको तुलनामा यसपालि भने उम्मेदवार छनौटमा एकीकृत माओवादी, कांग्रेस र एमालेभित्र विवाद भएको छ । उम्मेदवार छनौटको सवालमा विवाद भएका कारण दलहरुले समयमै उम्मेदवार छनौट गर्न गाह्रो हुने अवस्था छ ।

यसरी उम्मेदवार छनौटमा विवाद भएको अर्थात हैसियत नभएतापनि उम्मेदवारको टिकट दावी गर्नेहरुको संख्या अत्याधिक मात्रामा भएको प्रमुख कारण यसपालिको चुनावमा कुन पार्टी कुन कुन ठाउँमा जित्छ भन्न नसकिने, जस्ले पनि आफू जित्ने संभावना देख्दै आइरहेको र अर्को कारण भनेको प्रत्यक्षमा उम्मेदवारको दावी गरे कम्तिमा पनि समानुपातिकको तर्फवाट भएपनि सभासद् बन्न पाइन्छ भन्ने आशयका कारण हो ।

अतः यसपालिको उम्मेदवार दावी गर्ने र उम्मेदवार बन्नेहरुलाई भने नेपाली जनताले कसरी भोट दिन्छ भन्ने कुरा चुनावको नतिजाले मात्र थाहा पाउने कुरा हो ।

# नेपालमा संविधान सभा किन ?

**सरवकुमार महर्जन**

नेपालमा २४० वर्षदेखि राजतन्त्रको राज थियो । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुपूर्व पनि नेपालमा साना ठूला राज्यहरू थिए र त्यहाँ राजाहरूको शासन थियो । काठमाडौं उपत्यकाभित्र पनि काठमाडौं, पाटन र भादगाउँमा पनि छुट्टाछुट्टै राज्य थियो र यहाँसम्म कि कीर्तिपुर डाँडामा पनि राज्य थियो, पश्चिममा २४ राज्य लगायत त्यसबेलामा धेरै राज्यहरू थिए भन्ने कुरा इतिहासबाट प्रस्ट छ । जब पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान चलाएपछि मात्र नेपाल अधिराज्यमा परिणत भएको थियो । त्यसबेलादेखि अन्तिम राजा ज्ञानेन्द्रसम्म राजाहरूकै शासन चलेको मान्नु पर्दछ । यद्यपि हामी २००७ सालको क्रान्तिको कुरा गर्छौं, २००७ सालमा पनि संविधान सभा वारे कुरा उठेको थियो रे तर त्यसलाइ मूर्त रुपमा दिन सकेन । हामी २०४६ सालको आन्दोलनको कुरा गर्छौं । जनताको केही अधिकार प्राप्त भए पनि त्यहाँ पनि राजाको भूमिका रहेकै थियो तर २०६२/०६३ सालको संयुक्त जन आन्दोलनपछि मात्र राजतन्त्रको विधिवट अन्त्य गरिएको हो । यद्यपि राजतन्त्रको चलखेल बाकी नै रहेको छ ।

हामी सबैलाई थाहा छ, २०४६ सालमा वामपन्थी र नेपाली काङग्रेसको संयुक्त आन्दोलन शुरु भयो । त्यस आन्दोलनले पंचायती निरंकुश शासनको अन्त्य र बहुदलीय प्रजातन्त्र प्राप्त भयो वा राजासहितको प्रजातन्त्र प्राप्त भएको थियो । २०४६ सालको आन्दोलनको राप र तापले नयाँ संविधान बनाउन संवैधानिक आयोग गठन गरी २०४७ सालमा नयाँ संविधान घोषणा भएको थियो । त्यसबेला नेपाली काङग्रेसले त्यस संविधानलाइ ठूलो उपलब्धी मान्यो र भव्य स्वागत गऱ्यो, नेकपा एमालेले २७ बुँदे आफ्नो असहमतका कुरा राखी आलोचनात्मक समर्थन गऱ्यो र केही दलहरूले कालो संविधान भनी संविधान नै जलाएको थियो ।

२०४६ सालमा बहुदलीय प्रजातन्त्र प्राप्तपछि २०४७ सालको संविधानमा व्यवस्था गरे बमोजिम २०४८ सालमा पहिलो निर्वाचन भएको थियो । त्यसबेला नेपालमा २०५ वटा निर्वाचन क्षेत्र रहेको थियो । त्यस निर्वाचनमा नेपाली काङग्रेसले बहुमत ल्याइ सरकार चलाएको थियो र नेकपा एमाले बलियो प्रतिपक्ष भएको थियो । अहिले माओवादीमा लागेको बाबुराम भट्टराइको नेतृत्वमा जनमोर्चा नेपालबाट ९ सित जितेको थियो । त्यसबेलादेखि नेपाली काङग्रेसमा विभाजन थियो । एक खेमा गिरिजाप्रसाद कोइरालाले नेतृत्व गर्थ्यो त अर्को शेरबहादुर देउवाले नेतृत्व गर्थ्यो । त्यसबेला एकमना सरकार चलाएको गिरिजा प्रसाद कोइरालाले ७४ र ३६ काङग्रेसमा विभाजन भइ २०५१ सालमा मध्यावधि निर्वाचन गराउन पुग्यो र मध्यावधि निर्वाचनमा ८४ सित ल्याइ नेकपा एमाले पहिलो दल बनेको थियो । त्यसबेला नेकपा एमालेले मनमोहनलाई प्रधानमन्त्री बनाइ १५ सदस्यीय सानो मन्त्रिमण्डल गठन गरी अल्पमतको सरकार बनाएको थियो । त्यसबेला आफ्नो गाउँ आफै बनाऔ., बृद्धाभत्ता, नौ'स'को कार्यक्रम लागु गरी स्वर्ण शासन गरेको थियो । तर २०५२ सालमा आएर नेकपा माओवादीले सशस्त्र युद्ध शुरुवाट गरियो र देशमा एकपछि अर्को घटनाहरू घट्न पुगे र १० वर्ष जनयुद्ध भयो । जनयुद्धको क्रममा १५ हजारभन्दा बढीको हत्या भएको, हजारौं घाइते र लाखौंको घरमा समस्या उत्पन्न भयो । शान्ति अमन चयनमा समस्या भयो । विकास निर्माण थप्प भयो । देशमा वेरोजगारीहरू बढदै गए र देशमा नयाँ संविधान सभा, गोलमेच सम्मेलनको आवाज उठन थाल्यो ।

जव देशमा नेपाली काङग्रेसको नेता शेरबहादुर देउवा प्रधानमन्त्री भयो त्यसबेला दरवार हत्याकाण्डपछि ज्ञानेन्द्र राजा भएका थिए र ज्ञानेन्द्रले असक्षम प्रधानमन्त्रीको पगरी भिराइ देउवालाइ हटाइ आफै मन्त्री परिषदको अध्यक्ष बनी नयाँ मन्त्री मण्डल गठन गरी देशमा शासन गर्न थाले तव सबै दलहरू एक ठाउँमा आई नेकपा माओवादीसँग सहकार्य गरी आन्दोलन गर्ने निधो गरे । त्यसताका सात राजनीतिक दलहरू र नेकपा माओवादीसँग भारतमा १२ बुँदे सहमती गरी नेपालमा आन्दोलन शुरु गरियो जसलाई हामी २०६२/०६३ को जनआन्दोलन भन्छौं र त्यो आन्दोलन १९ दिन चलेपछि राजा ज्ञानेन्द्रले वार्ता गरी आन्दोलन टुङग्याएको थियो । त्यस आन्दोलनमा पनि २५/२६ भन्दा बढी नेपाली सपूतहरू शहिद भएका थिए । कयौं घाइते भएका थिए ।

त्यस आन्दोलनमा नेपाली जनताले मुख्य त तीनवटा मागहरू अघि सारेको थिए । पहिलो-राजतन्त्रको अन्त्य, लोकतान्त्रिक गणतन्त्रको स्थापना, दोस्रो- दशवर्षदेखि जारी हिंसात्मक द्वन्द्वको अन्त्य एवं शान्तिपूर्ण निकास र स्थायी शान्तिको स्थापना, तेस्रो(सदियौंदेखि कायम सामन्ती केन्द्रिकृत राज्य ढाँचाको पूनसंरचना गरी संघीय संरचनामा आधारित समावेशी लोकतन्त्रको स्थापना गर्ने, यी मागहरूको परिपूर्तिको लागि संविधान सभाको आवश्यता बनेको थियो ।

## गजल सौरभया

## साहित्य/कविता

### गजल–२४

हिरा धका:च्वंगु खा:कुचालात
जिन्दगी स्वले तसकं पात ।

भरोसा यायेगु सुइतं गात
विश्वास याना ल्वहँतय् हात ।

तिमिलाय् दु हाकुगु चात
येय् का न्ह्यागुनं वहे सात ।

[redacted] वं ल्वहँतय् [redacted] कात
[redacted] पंजाय् [redacted] लात

[redacted] ख्या:खिचां [redacted]
[redacted] तयेमाल थ:गु [redacted] ।

### एकचोटि फेरि जन विस्फोट

**–राम महर्जन**
नगाउँ, कीर्तिपुर -१६

जनताको सपना सुन्दर शान्त नेपाल
नेताहरूको सपना के हो कुन्नी
ठाउँ ठाउँमा भाषण गर्दै
चुनावी अभियान चलाउँदै व्यस्त

नयाँ संविधानको नाम जपी
देशको रकम अरबौं स्वाहा
दलिय स्वार्थमा अलमल हुँदै
देशको अवस्था धरमर सँधै

दिन दुगुना रात चौगुना
फेसनमा डुबेको राजधानी काठमाडौं
वागमति विष्णुमती किनारा सबै
सुकुमवासी वस्तीले धपक्क छोप्दै

दलिय स्वार्थमा चुर्लुम्म नेताहरू
देश विदेश घुमी फिरी
ठूला घरको दैलोमा पुगी
झोला थापी आशिर्वाद माग्दै

सँधै द्वन्द्वमा अलमल नेताहरू
दलिय स्वार्थ छोडन नसकी
आपसमा आरोप प्रत्यारोपमा रमाउँदै
महामहिम सँधैं फाटेको लुगा टाल्दै

देश र जनता नचाहाँदा नचाहाँदै
एकचोटी फेरी जन विस्फोट
आउने हो कि डरै लाग्छ
तसर्थ नेता हो बेलैमा सोच्नु

### जन-आवाज

कविता कथा लेखेर यहाँ
कस्ले सुन्ने पढ्ने हो र !
गीत गजल गाएर पो यहाँ
कस्लाई सुन्ने समय छ र ! ॥१॥

भोका नाङ्गाको रोदनले यहाँ
कस्को मनमा दुःख लाग्ने हो र !
वेरोजगार युवा कामको लागि
खाडी मुलुक गयो त के भो र! ॥२॥

देशमा रोजगार सिर्जना बारे
कुन नेतालाई वास्ता छ र !
मात्र सहमति खोज्ने भनि
बैठक बस्दै ढुकुटी सिध्याउँदै ॥३॥

ढुङ्गा हानाहान नगर्दा सम्म
कुनै शासक बिउँझिदैन
सुगम बाटो अप्नाउँजेल
कसैले जन आवाज सुनिदैन ॥४॥

केन्द्रिय तह र तप्काहरूले
आ-आफ्ना अनुकुल योजना बनाई
गाउँ स्तरका गरीवहरू
विजोग विस्थापित जे भएनि होस् ॥५॥

स्थानीय गाउँ स्तरका नेताहरू पनि
आफ्ना दाजुभाइका पीर मर्का
बुझी गहिरो मनले सोची
जन आवाज केन्द्रमा किन नपुऱ्याएको? ॥६॥

## सोफेस नेपालको छात्रवृत्ति तथा सम्मान कार्यक्रम




कीर्तिपुर क्षेत्रमा शारीरिक शिक्षा तथा खेलकुद क्षेत्रमा विगत १० वर्षदेखि सक्रिय हुँदै आइरहेको संस्था शारीरिक शिक्षा तथा खेलकुद समाज नेपालले गत असोज ४ गते शुक्रवार क्रिएटिभ एकेडेमीको हलमा एक कार्यक्रम गरी छात्रवृत्ति वितरण गरियो ।

संस्थाका महासचिव सूर्यप्रसाद अधिकारीले संचालन गर्नु भएको उक्त कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष शान्तवहादुर महर्जनले गर्नु भएको थियो भने प्रमुख अतिथि माइक्रोटेक इन्जिनियरिङका निर्देशक तथा कीर्तिपुर ब्याडमिन्टन क्लबका अध्यक्ष ई.दुर्कमान महर्जन हुनुहुन्थ्यो ।

स्वागत मन्तव्य क्रिएटिभ एकेडेमीका अध्यक्ष मर्जिमान सिंहले दिनु भएको थियो ।

उक्त कार्यक्रममा कीर्तिपुर मा.वि.का ९जना, जनसेवा उच्च मा.वि.का ७ जना र गोरखनाथ मा.वि.का १० जना स्वास्थ्य तथा शारीरिक शिक्षा अध्ययनरत छात्र/छात्राहरुलाई विभिन्न दाताहरुबाट छात्रवृत्ति प्रदान गरिएको थियो ।

साथै सोही कार्यक्रममा एसएलसीमा सो विषयसँग सम्वन्धित भएर परीक्षा दिने विद्यार्थीहरुको औसत अंकको आधारमा पाँगास्थित जनसेवा उच्च मा.विलाई उत्कृष्ट घोषणा गरी खेलकूद सामाग्री तथा प्रशंसा पत्र प्रदान गरिएको थियो ।

## एमाओवादीद्वारा गोविन्द महर्जन र जलवहादुर महर्जनलाई सम्मान



ए.ने.क.पा. माओवादी कीर्तिपुर नगरपालिका वडा नं.९,१०, ११ र १२ कमिटीको संयुक्त आयोजनामा गत असोज ४ गते शुक्रवार एक कार्यक्रमको आयोजना गरी पाँगाका बाजा गुरु गोविन्द महर्जन र स्वास्थ्यकर्मी जलवहादुर महर्जनलाई दोसल्ला ओढाई सम्मान पत्रद्वारा सम्मानित गरियो ।

बैकुण्ठ मानन्धरले संचालन गरेको उक्त कार्यक्रमको सभापतित्व नेवाः जन सांस्कृतिक मञ्चका अध्यक्ष ज्ञान वहादुर महर्जनले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथि पूर्व राज्यमन्त्री दिलिप महर्जन हुनुहुन्थ्यो। स्वागत मन्तव्य मथुरा महर्जनले दिनु भएको थियो । वीरप्रसाद भन्सारी र मीना महर्जनले स्वागत गान गाउनु भएको थियो ।

नेवाः सांस्कृतिक बाजाहरुको संरक्षणमा निरन्तर लागिरहनु भएका पाँगा देउखेलका गोविन्द महर्जन र चार दशकदेखि कीर्तिपुरमा स्वास्थ्य क्षेत्रमा निस्वार्थ भावले कार्यरत जल वहादुर महर्जनको योगदानको कदर गर्दै दुवैजनालाई प्रमुख अतिथि दिलिप महर्जनले दोसल्ला ओढाई सम्मान पत्रद्वारा सम्मान गर्नु भएको थियो ।



## नगरस्तरीय चित्रकला प्रतियोगिता सम्पन्न

१२३ औं राष्ट्रिय बाल दिवसको उपलक्ष्यमा **"बाल बालिकाको कुरा सुनौं, बाल दुर्व्यवहार अन्त्य गरौं"** भन्ने मुल नाराका साथ कीर्तिपुर नगर पालिकाको आयोजनामा नगर स्तरीय बाल अधिकार तथा संरक्षण सम्वर्द्धन समितिको सक्रियतामा र सिविन नेपालको सहकार्यमा मिति २०७० साल आश्रण ०२ गते बुधवारका दिन मंगल उच्च माध्यमिक विद्यालयमा नगरस्तरीय चित्रकला प्रतियोगिता सम्पन्न भयो। उक्त प्रतियोगितामा कीर्तिपुर नगरपालिकाका १ देखि १९ वडामा गठित बाल क्लवहरुका बालबालिकाहरु र सामुदायिक विद्यालय मध्ये कीर्तिपुर मा.वि., बालकुमारी मा.वि., जनसेवा उच्च मा.वि.,मंगल उच्च मा.वि., आदिनाथ मा.वि., बाघभैरब मा.वि. बाट एक छात्र र एक छात्रा गरि जम्मा ४० जना बालबालिकाहरुले सक्रिय रुपमा भाग लिएका थिए। सो कार्यक्रम बाल अधिकार तथा संरक्षण सम्वर्द्धन समितिका सदस्य श्री नन्दकुमारी महर्जनको सभाअध्यक्षतामा, कीर्तिपुर नगर पालिकाका लेखा प्रमुख श्री सानुबाबु परियारको प्रमुख अतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रम संचालन श्री ज्ञान बज्र महर्जन र चित्रकला सम्वन्धी प्राविधिक पक्षमा चित्रकार श्री कमलेश महर्जनले अभिमुखिकरण सहित कार्यक्रम संचालन गरिएको थियो । चित्रकला प्रतियोगिताको शिर्षक बालबालिकासंग रमाऔं थियो । उक्त प्रतियोगितामा जनसेवा उच्च मा.वि.का युवराज लामा प्रथम भएको थियो ।


## तेश्रो वार्षिक साधारण सभाको सूचना

यस संस्थाको संचालक समितिको मिति २०७०/०६/०२ गतेको निर्णय अनुसार संस्थाको तेश्रो वार्षिक साधारण सभा निम्न, स्थान, मिति र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएकोले उक्त दिन सम्पूर्ण शेयरधनी सदस्यहरुलाई उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

छलफल गरिने विषयहरु

**१. अध्यक्षको प्रतिवेदन**
**२. आ.व.२०६९/०७०को लेखा परिक्षणसहितको आयव्यय विवरण**
**३. लेखा समितिको प्रतिवेदन**
**४. शेयर पूँजी बृद्धि गर्ने सम्बन्धि**
**५. लेखा परिक्षकको नियुक्ति सम्बन्धि**
**६. नयाँ कार्यसमिति गठन सम्बन्धि**
**७. विविध**

**कार्यक्रम**
**मिति :- २०७०/०६/१२**
**स्थान :- पुष्पलाल पार्क, चम्पादेवी ।**
**समय :- विहान ८:३० बजे ।**
**भेला हुने स्थान :-कार्यालय अगाडि (गाडीको व्यवस्था गरिएको छ ।)**

**नगाऊँ बचत तथा ऋण सहकारी संस्था लि.**
नगाऊँ, की.न.पा.-१६, काठमाडौं फोन नं.४३३३४९१

# Vacancy Announcement

**Rarahil Memorial School, a credible educational institution for Child centered teaching in Southern part of Kathmandu valley, is looking for energetic, competent and dedicated persons for the following positions.**

| Job Title | Minimum Qualifications: |
|---|---|
| Care, Support and Documentation Officer (1) | Bachelors degree in English/ Science with at-least 1 year teaching and other experience in Management of English medium school. |
| Hostel Warden cum Tutor (1) | Bachelor's degree in Science with minimum 1 year teaching experience in English medium school. |
| Trainee Accounts Assistant (1) | Bachelor's degree in Commerce. |
| Trainee Office Assistant (1) | Bachelor's degree in Commerce. |
| Few Trainees | Bachelor's degrees in Science, Psychology, Social work, Sociology and management |

Salary and Benefits: As per the policy of the School.
Potential candidates are requested to email application with CV by 14 Ashoj, 2070.

**Phone contact will not be entertained. Only short listed candidates will be invited for the further process.**

**Rarahil Memorial School**
**Email: rarahil@mail.com.np**

# म्याराथन दौड र यसको लोकप्रियता



**नवीन महर्जन**

म्याराथन खेल नेपालमा सर्वाधिक सफल र आकर्षित खेल मध्ये एक हो । दौड मध्येको लामो दौड, यस म्यार थन खेल सर्वाधिक अन्तर ष्ट्रिय पदक जित्न सफल खले पनि हो । म्याराथन लगायत अन्य छोटो एवं मध्य दुरीको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतियोगिता वर्षेनी विश्वका विभिन्न ठाउँमा आयोजना भैर हेको नै हामी पाउँछौं । यी प्रतियोगितामा हजारौं खेलाडिहरुले सहभागिता जनाई यस्को लोकप्रियतालाई प्रष्टयाई रहेको हामी पाउँछौं । नेपालले ओलम्पिक, एसियाड, सार्क स्तरीय एवं अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा नियमित सहभागी भई नेपालको सहभागीता जनाउने र अन्तर ष्ट्रिय पदक सार्कस्तरीयमा कहिल्यै नछुटाउने खेल मध्ये यो म्याराथन पनि एक हो । म्याराथनको कुरा गर्दा अन्तर ष्ट्रिय सफल धावक बैकुण्ठ मानन्धरको नाम कहिले बिर्सन सक्दैन । साथै नेपालले पनि वर्षेनी अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगिता नियमित रुपमा गर्दै आएका छन । जसमा एभरेष्ट म्याराथन, काठमाण्डौं म्याराथन, पोखरा म्याराथन प्रमुख हुन ।

गत शनिवार अर्थात असोज ५ गते काठमाडौंमा सातौं रियल काठमाण्डौं म्याराथन सम्पन्न भएको छ । यस म्यार थन अन्तर्गत ७३ प्रति द्वन्दीलाई पछाडि पारी त्रिभुवन आर्मी क्लवका खेलाडी उत्तम खत्रीले २ घण्टा ३२ मिनेट ०१ सेकेण्डमा दुरी पार गरी प्रथम भएका थिए । त्यसैगरी आर्मीका नै कृष्ण बस्नेतले २ घण्टा ३२ मिनेट ४० सेकेन्ड समयमा पुर ा गरी दोस्रो भएका थिए भने आर्मीका नै राजन खत्रीले २ घण्टा ३१ मिनेट ५४ सेकेण्डमा पुरा गरी तेस्रो भएका थिए । गोरखाका उत्तमले यस काठमाण्डौं म्याराथनमा पहिलो संस्करणदेखि नै सहभागिता जनाइएका थिए । जस्मा पहिलो संस्करणमा दोस्रो, दोस्रो र यो सातौं संस्करणमा प्रथम, तेस्रो र छैठौं संस्करणमा तेस्रो भएका थिए भने पाँचौं संस्करणमा शान्ति मिसनमा गएका कारण सहभागिता नजानाइएका थिए ।

त्यसैगरी महिला म्यार थनमा एपिएफकी सोनुजया र ाई विजेता भएकी थिइन् । उनले ३ घण्टा ३६ मिनेट ४४ सेकेण्डमा दुरी पार गरेकी थिइन् । साविक विजेता एपिएफकी कृष्णेश्वरी सिन्तकलाले अन्तमा शारीरिक समस्याको कारण सहभागिता नजनाए पछि सोनुजयालाई च्याम्पियन हुने अवसर मिलेको थियो । पुरुष र महिला म्याराथनमा विजेतालाई १/१ लाख उपविजेतालाई ५०/५० तथा तेस्रो हुनेलाई २० हजार नगद पुरस्कार एवं मेडल, प्रथम पत्र ट्रफीको व्यवस्था गर ेको थियो ।

यस प्रतियोगिता अन्तर्गत हाफ म्याराथन तर्फ आर्मीका र ाजकुमार विष्टले १ घण्टा ११ मिनेट ५१ सेकेण्डमा दुरी पुरा गरी प्रथम, आर्मीकै होमलाल श्रेष्ठले १ घण्टा २१ मिनेट ०८ सेकेण्डमा पुरा गरी दोस्रो तथा तीर्थवहादुर तामाडले १ घण्टा १२ मिनेट २४ सेकेण्डमा पूरा गरी तेस्रो भएका थिए ।

महिला तर्फ बिन्द्राले १ घण्टा ३१ मिनेट ४५ सेकेण्डमा दुरी पुरा गरी प्रथम, सरिता वासीले १ घण्टा ४३ मिनेट ५४ सेकेन्डमा पुरा गरी दोस्रो तथा नारयण देवी सिंहले १ घण्टा ४५ मिनेट ३० सकेन्डमा पुरा गरी तेस्रो भएकी थिइन । दुवै हाफ म्याराथन विजेतालाई ५०/५० हजार, उपविजेतालाई २५/२५ हजार तथा तेस्रो भएकालाई नगद रु.१०/१० हजार पुरस्कार व्यवस्था गरेको थियो ।

त्यसैगरी ५ हजार मिटर पुरुष म्याराथनमा आर्मीका कल्याण बानियाँले १६ मिनेट ४६ सेकेण्डमा दुरी पार गरी प्रथम, महिला तर्फ वन्दा विश्वरुपाले २० मिनेट ०७ सेकेन्डमा पार गरी प्रथम भएकी थिइन ।

विद्यालय तर्फ ५ कि.मि.मा छात्र तर्फ ज्ञानवहादुर दानी पहिलो, विकास राई दोस्रो तथा बाबुराम माझी तस्रो भएका थिए ।

यस काठमाडौं म्याराथन अन्तर्गत हाफ म्याराथन प्रतियोगितामा कीर्तिपुरको तर्फबाट धावक धर्म महर्जनले पनि सहभागिता जनाइएको थियो तर विभागीय टिमका खेलाडीहरु पन्छाउन उनी असमर्थ भएको थियो तर उहाँको निरन्तरतालाई अवश्य सम्मान गर्नु पर्दछ । म्यार थन विश्वभरि लोकप्रिय दौड हो । यसमा सहभागी हुने सबै लालायित हुन्छन । यसमा सहभागी भई दुरी पार पर्नु पनि ठूलो सम्मानको विशेष हो तसर्थ विश्वको कुनै पनि स्थानमा हुने म्याराथन दौडमा सहभागी हुन उत्साहित हुन्छन् ।

## नेवाः मिडिया क्लबको साधारणसभा

गत असोज १ गते सिता पाइला पार्टी प्यालेसको हलमा गोरखा पत्रका प्रधान सम्पादक पुस्कर भक्त माथेमाको प्रमुख आतिथ्यमा नेवाः मिडिया क्लबको साधारण सभा सम्पन्न भयो । पद्‌म श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा संरक्षक चक्रमान डंगोल, भिम कुमार महर्जनको साथै सल्लाहकार सन्त कुमार महर्जनले पनि मन्तव्य राख्नु भएको थियो ।

मन्तव्यको क्रममा प्रमुख अतिथि पुस्कर भक्त माथेमाले पत्रकारीता विशुद्ध व्यवसायीक र प्रतिस्पर्धात्मक हुनु पर्नेमा जोड दिनुभयो । उहाँले पत्रकारहरुले मेहेनत अनुसार उचित पारिश्रमिक पाउनु पर्ने कुरामा जोड दिनु भयो ।

उहाँले नेपालभाषामा प्रकाशित पत्रिकाहरुमा भाषा, धर्म, संस्कृति र परम्परागत शैली भावनामा मात्र सिमित हुने भएकोले धेरैजसो पत्रिकाहरु प्रकाशन वन्द भएको बताउनु भयो । त्यस्तै सभापति पदम श्रेष्ठले पनि उत्पिडीत नेवारहरुको साथै आदिवासी जनजाति दलित वर्गलाई गरिँदै आएको विभेदलाई पत्रकारहरुले लेखन, अन्तरक्रियाबाट आवाज विहिनहरुको आवाज बुलन्द गर्ने नेवाः मेडियाको क्लबको गठन भएकोले त्यस लक्ष्य पूरा गर्न नेवाः पत्रकारहरु एक ढिक्का भएर लाग्न आव्हान गर्नुभयो ।

उक्त साधारण सभाले फोटो पत्रकार नविन जोशीको अध्यक्षतामा २३ सदस्यीय कार्य समिति पनि गठन गरियो । उक्त कार्यसमितिमा काठमाडौं उपत्यकाको भौगोलिक आधारमा विभिन्न संचार माध्यममा कार्यरत पत्रकारहरुलाई समावेश गरिएको छ ।

उक्त कार्यसमितिका पदाधिकारीहरुमा अध्यक्ष नविन जोशी, , उपाध्यक्षहरुमा आशाकाजी महर्जन, के.के. मानन्धर, अशोक महर्जन, सचिव कल्पना महर्जन, सहसचिव प्रज्वल शाक्य, कोषाध्यक्ष, शर्मिला सुवाल, सदस्यहरुमा राम चित्रकार, उषा महर्जन, यचु जोशी, रत्न श्रेष्ठ, ईश्वर महर्जन, विक्रम शाक्य, यलु जोशी, वसन्त महर्जन, शोभा महर्जन, जीवन श्रेष्ठ, कृष्ण कुमार वलामी, विविशा शाक्य, संजय राज उपाध्याय, सुविन्द्र श्रेष्ठ, राजु, सानुकाजी रहनु भएको छ । निर्वाचित सबैजनालाई प्रमुख अतिथि पुस्कर भक्त माथेमाले खादा ओढाई सम्मान तथा कार्यकाल सफलताको लागि शुभकामना पनि दिनु भयो ।

उक्त कार्य समितिका अध्यक्ष नविन जोशीले भावी कार्यक्रम प्रस्तुत गर्नु भएको थियो ।


## हार्दिक बधाई



यस संस्थामा कार्यरत कर्मचारी **सुश्री निर्जला महर्जन** Miss Jyapu Peagent 2013 प्रथम स्थान हासिल गर्न सफल भएकोले हार्दिक बधाई तथा भविश्यमा उत्तरोत्तर प्रगतिको लागी कामना गर्दछौं ।

**कीर्तिपुर सामुदायीक स्वस्थ्य केन्द्र**

त:ग:वपि, कीर्तिपुर

## हार्दिक बधाई



यस पांगा बहुउद्देश्यय सहकारी संस्था लिमिटेडका शेयरधनी **श्री राजेश महर्जन**ले नेपालभाषा पिपल्स च्वाइस अवार्डमा नवा प्रतिभाको पुरस्कार जित्न सफल भएकोले उहाँलाई बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**पाँगा बहुउद्देश्यय सहकारी संस्था लि.**

पाँगा, कीनपा ९, फोन नं. ०१६२०७८१३

## महेशमान डंगोललाई प्रेम-मोहन सिरपा



नेपालभाषाका भाषा निभाः प्रेमवहादुर कसाःको सम्भनामा उहाँका शिष्य ई. मोहन कृष्ण डंगोलले नाटक विधा र उपन्यास विधामा प्रत्येक २ वर्षमा एकचोटि दिइने प्रेम-मोहन पुरस्कारको व्यवस्था गरिएको थियो । जस अनुसार पहिलो पटक नाट्या विधालाई पुरस्कार दिइएको थियो । गत असोज २ गते समालोचक चितरंजन नेपालीको प्रमुख आतिथ्य र राजा शाक्यको सभापतित्वमा भएको कार्यक्रममा नाटककार महेशमान डंगोलको "थःथःगु संसार" शिर्षकको नाटकको लागि रु. ५० हजार राशीको पुरस्कार दिइएको थियो । उक्त कार्यक्रममा महेशमान डंगोलको पुरस्कृत पुस्तक थःथःगु संसार, ई.मोहन कृष्ण डंगोलको उपन्यास "विधीया लःघः", विमला शाक्यको कथा संग्रह "लिकुनाच्वंगु नुगः" र विमल ताम्राकार ले सम्पाद गर्नु भएको मथुरा सायमिको "लुमन्तिया जलय्" पुस्तकको पनि विमोचन गरिएको थियो । कार्यक्रममा कथाकार लक्ष्मण राजवंशीले नेवार लेखकहरुको पुस्तक किनेर सहयोग गरि दिनु हुन अनुरोध गर्नुभयो । कार्यक्रममा लामो समयदेखि नाटक विधामा सक्रिय रहँदै आउनु भएका ललितपुर खोकना दिलवहादुर महर्जनलाई पनि प्रमुख अतिथि चितरंजन नेपालीले दोसल्ला ओढाई सम्मान गर्नुका साथै सम्मान पत्र पनि प्रदान गरिएको थियो । पुरस्कार विजेता डंगोलले पनि आफ्नो नाटक विधाको अनुभव सुनाउनु भएको थियो ।

## पलिस्थाको स्थापना दिवस



नेपालभाषा आन्दोलका अगुवा मल्ल के सुन्दर ले भाषा र साहित्य प्रवर्द्धनले सामाजिक विकासमा सहयोग हुने बताउनु भएको छ । नेपालभाषा साहित्यिक संस्था पलिस्थाको २१ औं दिवसको उपलक्ष्यमा भएको पलिस्था कविता गोष्ठि र साहित्यकार डा. पुस्पराज राजकर्णिकारले नेपालभाषामा लेख्नु भएको कवित संग्रह 'धौबजी' विमोचन कर्यक्रममा मल्लले सो कुरा बताउनु भएको हो । गत असोज ३ गते सातोआकी सभाहलमा प्रा.नर्मदेश्वर प्रधानको सभापतित्व र मल्ल के.सुन्दरको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा वाचित कविताको समिक्षा समालोचक भिक्टर प्रधानले गर्नु भएको थियो ।

उक्त दिन प्रमुख अतिथि मल्ल कवि पुष्पराज राजकर्णिकारको पनि सोही दिन जन्मदिना परको थियो ।

## झापाका ठूलो नेवाः समुदाय सङ्घीय समाजवादी पार्टीमा प्रवेश

जातिय मुक्तिको लागि संघीयता, वर्गिय मुक्तिको लागि समाजवाद भन्ने मूल नीति र सिद्धान्त अंगालेर २०६९ मंसिर ९ गते गठन भएको नयाँ पार्टी सङ्घीय समाजवादी पार्टी, नेपालमा पहिचान पक्षधर आम नेपालीको आकर्षण बढ्दै गैरहेको छ ।

यसैबिच विगत २५ वर्षदेखि नेकपा एमाले पार्टीमा सक्रिय रहेका झापाका नेवाः समुदाय सङ्घीय समाजवादी पार्टी, नेपालमा प्रवेश गरेका छन् ।

गत असोज ५ गते शनिवार झापा जिल्लाको मेची नगर निवासी दिनेश शाक्य र नेवाः देय् दबूका जिल्ला अध्यक्ष कृष्ण उदासको नेतृत्वमा सुरुङ्गामा बृहद पार्टी प्रवेश कार्यक्रम भएको थियो ।

नेकपा एमालेले पहिचान सहितको संघीयतामा नेवारहरुको ऐतिहासिक पृष्ठभूमिलाई अवमूल्यन गरेर पहिचान विहिन ७ प्रदेश बनाउने, नेवाः राज्यलाई जातीय राज्य भन्दै नेवाः राज्य कहिल्यै हुन नदिने उद्घोष गरे लगतै पहिचान पक्षधर आदिवासी, जनजाति, मधिशे, दलितहरु सङ्घीय समाजवादी पार्टी, नेपालमा अरिंगालको गोलो ओइरिएझैं ओइरिन थालेका छन् । नेवाः देय् दबू झापा जिल्ला अध्यक्ष कृष्ण उदास, नेवाः समुदायका अग्रज दिनेश शाक्य, गणेश श्रेष्ठ, इन्द्र श्रेष्ठ भरत र चन्द्रराज भण्डारी श्रेष्ठ लगायतको सक्रियतामा ४६७ जना भन्दा बढी सङ्घीय समाजवादी पार्टीमा प्रवेश गरेका हुन् ।

## हिलटाउनमा बाल दिवस

बालबालिकाको हक अधिकारलाई सुनिश्चित गरी उनीहरूलाई माया र सम्मान गर्दै हरेक वर्ष १४ सेप्टेम्बरका दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ । विभिन्न कार्यक्रमहरू संचालन गरी हिलटाउन स्कुलले पनि यस कार्यक्रम वर्षेनि मनाउँदै आइरहेको छ । यस वर्ष भदौ २८ गतेका दिन स्कुलमा स्थापित विभिन्न बाल क्लबहरू मध्ये एक हिलटाउन डान्स क्लब (Hill Town Dance club) को संयोजकत्वमा नेपाली राष्ट्रिय गीतमा नृत्य प्रतियोगिताको आयोजना गरि मनाइयो । कक्षा ५ देखि कक्षा ९ सम्मका भाइवहिनीहरूले कक्षागत रुपमा नृत्य तयार गरी प्रतियोगितामा सहभागी भएका थिए ।

'गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली' बोलको गीतमा अति आकर्षक नृत्य प्रस्तुत गरी कक्षा ९ प्रथम हुन सफल भयो । 'पश्चिम कोही पूर्व घर' बोलको गीतमा नृत्य प्रस्तुत गरी कक्षा ५ द्वितीय र 'यो नेपाली शीर उचाली' बोलको गीतमा नृत्य प्रस्तुत गर्दै कक्षा ७ का विद्यार्थीहरूले तृतीय स्थान जित्न सफल भए । सम्पूर्ण सहभागी भाइबहिनीहरूले राष्ट्रिय गीतको बोल र भावनासँग मेलखाने किसिमले विभिन्न पात्र, घटना, पोसाक, सामाग्री प्रयोग गरी अति नै सुन्दर ढंगले नृत्यहरू प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा कक्षा एलकेजी र यूकेजीका बालबालिकाहरुले अप्रतियोगी रुपमा आकर्षक नृत्य प्रस्तुत गरेका थिए । सो कार्यक्रमको अन्तमा प्रतियोगिताको निर्णायक समेत रहुन भएको स्कुलका प्रिन्सिपल श्री राजन तण्डुकारज्यूले बाल दिवसको अवसरमा सम्पूर्ण बालबालिकाहरुलाई बधाई तथा शुभकामना दिनुभयो । कार्यक्रमको समापन गर्नु अघि हिलटाउन डान्स क्लबकी अध्यक्ष तथा यस कार्यक्रमका सभापति कक्षा ९ की छात्रा जेबिना महर्जनज्यूले विजयी प्रतियोगिहरुलाई नगद पुरस्कार प्रदान गर्नुभयो ।

## ने.रे.सो.काठमाडौं जिल्लामा मथुराराम श्रेष्ठ

गत असोज ५ गते शनिवार नेपाल रेडक्रस सोसाइटी काठमाडौं जिल्ला शाखाको जिल्ला कार्यसमितिको चुनाव सम्पन्न भयो ।

उक्त चुनावमा तत्कालिन ने.रे.सो.का.जिल्ला मन्त्री श्री मथुराराम श्रेष्ठ र निवर्तमान मन्त्री श्री संघरत्न शाक्य दुई जनाले सभापतिमा दाबेदार गर्नु भएको थियो भने उहाँहरुको कार्यसमितिका सदस्यमा सभापति गरी १३ जनाको समूह रहेको थियो । उक्त दुई समूहका दाबेदारहरु उतिकै आ-आफ्नो विधामा पोख्त र सामाजिक कार्यमा उतिकै लागेका व्यक्तिहरु हुनुहुन्थ्यो । दुबै समुह बीच प्रतिस्पर्धा भई श्री मथुरारामज्यूको समूहले भारीमत ल्याई विजयी हुनुभयो । जम्मा जम्मा ११४ भोट खसेकोमा श्री मथुराराम श्रेष्ठले ७८ भोट प्राप्त गरी विजयी हुनुभयो । उहाँकै समूहका अन्य पदाधिकारी सदस्यहरु पूर्णनारायण मानन्धर, गणेश राज भण्डारी, नविन मानन्धर, श्यामकाजी डोटेल, उत्तम नारायण महर्जन, शिवनारायण जोशी, हेमसागर ढुङ्गेल, कृष्णहरि मानन्धर, कमल नकर्मी, विष्णु मानन्धर, राजेन्द्र वानियाँ र वृद्धिमान शाक्यको समुह रहेको थियो । जुन समुहमा ने.रे.सो कीर्तिपुर उपशाखाका उपसभापति राजेन्द्र वानियाँ पनि भारी मतले विजयी हुनुभयो ।


## नयाँ शो रूम खुल्यो




CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।

युनिक टेलर्स

नयाँबजार, फोन ४३३१०७८


## स्याङ्जा जिल्ला सङ्घीय समाजवादीमय बन्दै

असोज ६/स्याङजा

सङ्घीय समाजवादी पार्टी नेपालका महासचिव राजेन्द्र श्रेष्ठले प्रमुख दलका शिर्ष नेताहरु जनतालाई माछा माछा भ्यागुताको रुपमा छल्दै छारो हानीरहेको आरोप लगाउनु भएको छ । सङ्घीय समाजवादी पार्टी स्याङ्जाको सभालाई सम्बोधन गर्दै सदिऔंदेखि आदिवासी जनजाति दलित, मधेशी, मुस्लिम तथा महिलाहरुलाई पुच्छरको रुपमा खेलाउँदै आईरहेकाले पिछडीएका वर्ग, जाति धर्म, संस्कृति जगेर्ना र पहिचान रक्षाको लागि सङ्घीय समाजवादी पार्टीको जन्म भएको बताउनुभयो । प्रतिक्रियावादीहरुले जातिय पार्टीको रुपमा गलत प्रचार गरेको भन्दै उहाँले भन्नुभयो, "हामी कसरी जातीय पार्टी जवकी एमाओवादी, कांग्रेस र एमालेमा हालसम्म एकल जातिको नेतृत्व र प्रभुत्व छ, त्यो जातिय पार्टी भयो कि भएन ? आफ्नो पार्टीमा सबै जाति वर्ग समुदाय समेटेको दावि गर्दै श्रेष्ठले आजका जनताको आँखा उघारीसकेकाले अवको चुनावमा ती ठूला दलको हविगत प्रस्ट देखिने ठोकुवा गर्नुभयो ।

कार्यक्रमलाई सम्वोधन गर्दै सङ्घीय समाजवादी पार्टी केन्द्रिय सचिव तथा सङ्घीय महिला संघका केन्द्रिय अध्यक्ष मिना गुरुङले आफ्नो ससपा अवको निर्वाचनमा तेस्रो पार्टी हुने दावि गर्नुभयो । पार्टीका अर्का केन्द्रिय सचिव डि.वी. नेपालीले दलितहरुलाई सबै पार्टीले खेलौना बनाएकाले अबको दिनमा आफ्नो वर्गीय र जातिय मुक्तिको लागि ससपा मात्र देशको नयाँ सशक्त पार्टी रहेको उहाँको भनाई थियो ।



भेलालाई सम्बोधन गर्दै पार्टीका केन्द्रिय स्थायी कमिटी सदस्य तथा तमुवान इन्चार्ज गणेशमान तमु, केन्द्रिय स्थायी कमिटी सदस्य सुरेन्द्र थापा मगर, आदिवासी बुद्धिजीवि तथा समाजसेवी अधिवक्ता महेन्द्रमान व्यथित, नेपाल मगर संघ स्याङ्जाका अध्यक्ष हेमन्त थापा मगर, अग्रगामी विद्यार्थी युनियनका केन्द्रिय सदस्य फरेन्द्र थापा मगर, ससपा तनहुँ जिल्ला अध्यक्ष हरि सिङ गुरुङ लगायतले सधैं लडयौं अरुको लागि अब लडौं आफ्नै लागि भन्दै आफ्ना भनाई राख्नुभएको थियो । घोषणा सभाले दिलिप थापा मगरको अध्यक्षतामा ३० सदस्यीय सङ्घीय समाजवादी पार्टी स्याङ्जा जिल्ला तदर्थ समिति घोषणा गरेको छ ।

घोषणा सभामै विनोद खवास मगरको अध्यक्षतामा ३० सदस्यीय सङ्घीय युवा संघ स्याङजाको घोषणा समेत गरिएको थियो । अर्को तर्फ अग्रगामी विद्यार्थी युनियन स्याङ्जामा विनोद रखाली मगरको अध्यक्षतामा १९ सदस्यीय समिति घोषणा गरिएको छ । सङ्घीय समाजवादी पार्टीकै पहिलो पटक फेडरल भोलेन्टीयर्स फोर्स स्याङजाको समेत हिजो घोषणा गरिएको छ, ३० सदस्यीय फेडरल भोलेन्टीयर्स फोर्स स्याङ्जाको अध्यक्षमा लक्ष्मण गुरुङ रहनु भएको छ । कार्यक्रमकै अवसरमा गौतम थापा मगरको संयोजकत्वमा सङ्घीय युवा संघ वालिङनगर कमितीको ३० सदस्यीय समिति पनि घोषणा गरिएको छ ।

कार्यक्रममा विश्वकै सबैभन्दा होचा व्यक्तिको रुपमा आफ्नो नाम गिनीज बुकमा लेखाउन सफल खगेन्द्र थापा मगरलाई अभिनन्दन गरिएको थियो । होचा व्यक्ति खगेन्द्र थापा मगरको खुकुरी नृत्य, लोक गायक आयुस परियारको प्रस्तुती साथै आयोजकद्वारा विच विचमा विविध सांस्कृतिक प्रस्तुती प्रस्तुत गरिएको थियो । कार्यक्रम उद्घाटन पूर्व प्रगति नगरदेखि कार्यक्रम स्थलसम्म स्याङजा बजार परिक्रमा गरी विशाल र्‍याली निकालिएको थियो भने पूर्व सन्ध्यामा फेडरल भोलेन्टीयर्स फोर्सको मोटरसाइकल र्‍याली सम्पन्न भएको थियो । निलम कुमार जि.टीको स्वागत मन्तव्य सँगै सुरु भएको सभाको अध्यक्षता भेला आयोजक समितिका संयोजक दिलिप थापा मगरको अध्यक्षता र विनोद रखाली मगरको सन्चालनमा स्याङजाको बाल मन्दिरमा सम्पन्न भएको हो ।

हैन त ? –निरज



अख्तियार को प्रमुख त हामीले नियुक्त गरेका हौ...!! हामीलाई समात्न त सोच्नै पर्छ....!!!

कुनै पनि राष्ट्रिय दैनिक पत्र पत्रिकामा वर्गीकृत तथा अन्य विज्ञापन गर्नु परेमा

**किपू बुक प्वाइण्ट**

**कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५**

## जन-पोलिक्लिनिकको निशुल्क शिविर

कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्र (जनपोलिक्लिनिक) द्वारा प्रत्येक महिना विभिन्न विषयमा नियमित रुपमा निःशुल्क स्वास्थ्य शिविर संचालन गर्दै आएको छ। त्यसैक्रममा यही आउँदो असोज १२ गते हाडजोर्नी तथा नशा रोगको बार े निशुक्ल स्वास्थ्य शिविर संचालन गर्ने भएको छ।

उक्त निःशुल्क शिविरमा हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डाक्टरहरु डा. सुमन राजा श्रेष्ठ, डा. शैलेन्द्र श्रेष्ठ र डा. निरज श्रेष्ठले स्वास्थ्य परिक्षण गर्नु हुने भएको छ।

उक्त दिन ५० जनाको मात्र स्वास्थ्य परिक्षण गरिने भएकोले अग्रीम नाम दर्ता गराउन हुन स्वास्थ्य केन्द्रले अनुरोध गरिएको छ। नाम दर्ता विहान ८ बजेदेखि १२ बजेसम्म खुल्ला रहने जनाइएको छ।

त्यस्तै आउँदो असोज १३ गते हाड, जोर्नी तथा नशा सम्बन्धी निशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएको छ। महिनावारी सुकेका महिला र ५५ वर्षभन्दा माथिका पुरुष गरी अग्रीम नाम दर्ता गराउन अनुरोध गरिएको छ। उक्त शिविरमा विरामीहरुलाई चाहिने औषधी पनि निशुक्ल प्रदान गरिने जनाईको छ।

तपाईको टोलमा हुने कुनै पनि किसिमका सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, आर्थिक लगायतका विषयमा हुने गतिविधिका विषयमा हामिलाई जानकारी दिनुस हामी कीर्तिपुरका प्रत्यक नागरिकको चासोको विषय वनाउन समाचार प्रकाशित गर्नेछौं

**कीर्तिपुर सन्देश साप्ताहिक**

निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३२००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

# चुनावी टिकट



**ब्यंग सन्देश**

सत्य कुमार महर्जन

दशैंमा घर जान वा आउन टिकट लिन जसरी लाइनमा बस्नु पर्दछ त्यस्तै गरी चुनावमा दलको टिकट पाउन पनि लाइनमा नै बस्नु पर्दछ। यहाँ बसहरु धेरै छन्। टिकट पनि धेरै छन्। आखिर सबैलाई घर जानु नै छ वा आउनु नै छ। पालो पर्खि बसे टिकटको लुछाचुद हुँदैन होला। बसले समयमै घर पुऱ्याइ दिन्छन् होला तर टिकट न सिकट सिटविना नै खचाखच बस्न गएमा भन्न सकिन्न घर पुग्छन् कि पुग्दैनन्। आजभोलि चुनावी टिकट पाउन पनि आफ्नो पालो पर्खने धैर्य पनि राखेन। जसरी पनि मलाई टिकट चाहियो। टिकट दिए उही घर उही दल ठीक छ नभए वागी टिकट लिएर चुनावमा उठेर देखाइ दिन्छु भन्नेहरु पनि कम छैनन्। पहिले टिकट कसलाई दिन्छ हेरौं बाकी पछिका दिनमा देखाउनेछु भनेर नेताका घरघरमा, पार्टी कार्यालयहरु भनसुन गर्ने, डेलिगेशन जाने, धर्ना दिने काम भएका छन्। त्यसैले भन्नै पर्दछ नेपालमा राजनीति गर्नेको कम छैन। जनताको समस्या उठाउनेहरु कम छैनन्। त्यसको लागि दलको टिकट अनिवार्य छ। दलको चुनाव चिन्ह चाहिन्छ।

हुन त नेपालमा फस्टाएको व्यवसाय भनेको नै उही राजनीति एक छ। अरु सबै व्यवसायहरु घाटामा छन्। कलकारखाना चलाउन गाह्रो छ। उद्योग व्यवसाय गरेर कमाउन कठिन छ। व्यवसायहरुले कमाए पनि नकमाए पनि विभिन्न नाउँमा अनिवार्य कर तिर्नु पर्दछ। व्यवसाय गर्नको लागि बत्ती छैन, पानी छैन, शान्ति सुरक्षा छैन, दक्ष जनशक्ति चाहियो। तर राजनीति व्यवसाय गर्दा कर पनि तिर्न नपर्ने, बत्ती नभए झन सजिलो, पानी नभए जनता बटुल्न झन सजिलो, दक्ष जनशक्ति पनि चाहिँदैन मात्र हुल भए पुग्छ। त्यसैले पनि र ाजनीति व्यवसायको मूल आधार भनेको नै चुनावी टिकट हो। चुनावी टिकेट भएमा चन्दाबाट, सहयोगबाट रकम उठाउन पाइन्छ। चुनावी टिकट पाएमा वेरोजगार हरुलाई दुईतीन महिना भएपनि र ोजगार दिन सकिने, आफ्नो चर्चापरिचर्चा पनि हुने, देशका संविधान बनाउन सहभागी पनि हुन पाउने भएपछि कसलाई रहर हुँदैनन् र सभासद हुनलाई। हजारौले मत हाली एक जिताउने, हजारौंको साथ पाएर नेता हुन पाउने, हजारौंको रकम जोडेर खर्च गर्न पाउने भएपछि चुनावी टिकेटको लागि लाइनमा बस्नु पर्ने नै भयो। आफ्नो लागि भनसुन गर्नै पऱ्यो, गुटगुटमा बसी फुट भइ नेताको घरघर चाकरी गर्नै पऱ्यो। नभए धम्कि पनि दिनै पऱ्यो। यो र ाजनीतिमा सामान्य नियम भएको छ। जे नगर भनेको त्यही गर्नु पर्दछ। जहाँ नआउ भनेको छ त्यहाँ पुग्नै पऱ्यो। त्यति पनि गरेन भने चुनावी टिकेट कसर ी हात पर्छ र ?

यो मंसिर ४ को संविधान सभारुपी बसमा ६०१ जनाको मात्र सित संख्या रहेको छ। चाहे प्रत्यक्षको टिकेट पाओस् चाहे समानुपातिकको टिकेट पाओस्। अहिले एउटै दलमा टिकेट पाउन नौ दश हजार नेता कार्यकर्ताहरुका मारामार छन्। सबै गरेर लाखौ जनाको उम्मेदवारी हुने अवस्था छ। तर जित्ने संख्या उही ६०१ एक मात्र रहेको छ। अझ यो संख्या बढी भयो भनेर कम गर्न लागेकोमा धन्न ६०१ संख्या कायम भएको छ। अहिलेको अवस्था हेर्दा १०००१ सभासदको संख्या भएमा बल्ल धेरैको मनोकान्छा पुरा हुने देखिन्छ। अब दलहरुमा टिकेट पाउने र नपाउने बीच मारामार हुने त बाकी छ। एकले अर्कालाई फल हाल्ने, एकले अर्कोलाई होच्याउने, एकले अर्कोलाई खाल्डोमा हाल्नलाई बाटो बाटोमा खाल्डो खनी सतहमा प्लास्टिकले चिरचट्ट पारी खाल्डोमा हाल्ने र पछाडि गएर हाल्नेहरु पनि कम छैनन्।

हुन त टिकेट सितिमिति कसैलाई पाउँदैन। टिकेट पाउन व्यापारी उद्योगपतिहरुले दलहरुमा लक्ष्मी चढाउनु पर्दछ कार्यकर्ताहरुले आफ्नो जिन्दगी पार्टीलाई सुम्पनु पर्दछ। कि नेताहरुलाई गणेश मानी उनीहरुकै फन्को घुमिर हनु पर्दछ आफू हरामी भइ रामलाई तर्साउनु पर्दछ। तर पनि त्यसो गर्ने सबैले टिकेट पाउँदैन। त्यहाँ पनि मात्राले फरक पर्ला, त्यहाँ पनि गुणले फरक पर्ला, त्यहाँ पनि रासीले साथ दिएको र नदिएकोमा भर पर्दछ होला। बसको टिकेट पाउन हातमा पैसा बोकेर गएपनि टिकेट लिन गाह्रो छ भने यहाँ त टिकेट पाएपछि मालामाल हुने। त्यसैले पनि होला चुनावी टिकेट लिन गाह्रो भएको, टिकेटको भाउ बढेको, टिकेटको महत्व बढेको, टिकेट पायो कि त मानशान बढ्ने होला। नभए दुःख नै गर्ने हो। चुनावको टिकेट भनेको झन गह्रगो भारी बोक्नु हो। किन मारामार गर्दछ चुनावी टिकेट पाउन, हैन त ?

सुगर निको पार्ने

अब सजिलै सुगर, युरिक एसिड, ग्याष्ट्रिक, पायल्स, नसाच्यापिएको, हड्डीखिएको, बाथ, ढाड–कम्मर तथा जोर्नीको दुखाई ग्यारेष्टी निको पार्ने हिमाली जडिबुटी साथै चाइनिज एक्युप्रेसर, एक्युलाइफ तथा जीम फिटनेस थेरापीद्वारा उपचार गरिन्छ।

नोटः फोन गरेर मात्र आउनु होला

**फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग**
नेपाल टेलिकम बाहिरिगाउँ, कीर्तिपुर–१७
फोन नं. ०१–४३३६७०१, ९८४१९८१९७६
यो विज्ञापन होइन, सत्य तथ्यमा आधारित छ।

# कीर्तिपुरका निर्जला मिस ज्यापु

गत असोज ५ गते मिस ज्यापु –२०१३ को फाइनल शो आर्मीक्लवमा सम्पन्न भयो। उक्त फाइनलमा २६ जना प्रतिस्पर्धीलाई पन्छाउँदै कीर्तिपुर वडा नं.११ पाँगाकी निर्जला महर्जनले मिस ज्यापुको ताज पहिरन सफल हुनु भयो। जम्मा २७ जना सहभागी भएको सो प्रतिस्पर्धामा कीर्तिपुर क्षेत्रवाट चार जना सहभागी भएका थिए। सो प्रतियोगितामा मिस ज्यापु भएकी निर्जला महर्जन प्रतियोगि नं. ३ लिलिना महर्जन, प्रतियोगि नं. ७ रजिता महर्जन र प्रतिगोगि नं. १७ किल्ना महर्जन सहभागी भएका थिए।

मिस ज्यापु २०१३ का निम्नलिखित सहभागीहरुले निम्न बमोजिम पदवी हासिल गर्न सफल भए।





- मिस ज्यापु २०१३ निर्जला महर्जन (१५)
- फस्ट रनरअप सोनिया महर्जन (११)
- सेकेन्ड रनरअप सुजिना महर्जन (१४)
- मिस ट्यालेन्ट : रसना महर्जन (९)
- मिस कल्चरलः रविना महर्जन (२१)
- मिस अग्रिकल्चर : सुनिना महर्जन (१०)
- मिस ट्रेडिसनल फुड : संगीता महर्जन (५)
- मिस नेपालभाषा : अलिसा डंगोल (१६)
- मिस लिडरसीप : कृष्णा डंगोल (१२)
- मिस पब्लिक रिलेशनसीप : रेलिना महर्जन (२७
- मिस डिसिप्लेन : पुलानी महर्जन (१)
- मिस फ्रेन्डसीप : सविना महर्जन (४)
- मिस पपुलारिटी : श्रीया महर्जन (२३)
- मिस बेस्ट स्माइल : सुनीता महर्जन (६)
- मिस फोटोजेनिक : सुजिना महर्जन (१४)
- मिस बेस्ट ड्रेस अप : रोजिना महर्जन
- ड्रेस डिजाइनर : रुकमिणी आचार्य, नमुना फेसन कलेज (१० औं समूह)
- मिस बेस्ट क्याटवाक : सोनिया महर्जन (११)

## बाघभैरव बचत तथा ऋण सहकारी संस्था लि.

### ब्याजदर परिवर्तनको सूचना

**यस संस्थाद्वारा बचत तथा ऋण लगानीमा निम्न अनुसार ब्याजदर कायम गरिएको छ ।**

**१. मुद्दती बचत अन्तरगत**

१ वर्षमा – १२ %
२ वर्षमा – १३ %
३ वर्षमा – १४ %

**२) बाघ भैरव विशेष वचत अन्तर्गतको खातामा ८%दैनिक मौज्दातमा ब्याज पाइने**

**३) कर्जा अन्तर्गत :**

बिना धितो (सामूहिक जमानीमा) **१९%** घट्दोदरमा
धितो कर्जा अन्तर्गत **१६% देखि १७%** घट्दोदरमा
**पूनश्चः** रु दशलाखसम्मको कर्जा माग गरेको ३ (कार्य) दिन भित्र कर्जा प्रवाह गर्नेछ ।

**बाघभैरव बचत तथा ऋण सहकारी सस्था लि.**
**नयाँबजार, कीर्तिपुर, फोन ४३३०२३६, ४३३३९२८**


# बिचाः हायूका



स्व. ज्ञानी तण्डुकार

सहलह तिब धुकूया दुजः भाजु कृष्ण तण्डुकारया मा
**ज्ञानी तण्डुकार**
थ्वहे ने.सं. ११३३ ञंला सप्तमी (भाद्र २७ गते) दिनसं
६५ दँया बैसय् आकाभ्काकां मदुगुलीं
वयक सुखा भुवनय् बास लाय्मा धैगु मनतुसें
सकल दुजःपिन्सं भगवान याके प्रार्थना याना च्वना ।

**सहलह तिब धुकूया सकल दुजःपिं**
**ईटाछें त्वा, किपू**

# कीर्तिपुर नगरपालिका कार्यालयको

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

### (प्रथम पटक प्रकाशित मितिः २०७०/०६/०४)

यस नगरपालिकाको आ.व.०७०/०७१ को आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका निम्न योजनाहरु ठेक्काद्वारा निर्माण गर्नु परेकोले इच्छुक सम्बन्धित कार्यको अनुभवी रजिष्टर्ड निर्माण व्यवसायीहरूबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र व्यवशाय कर प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरू समेत संलग्न गरी देहाय बमोजिम सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

१.दरभाउपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।

२.सिलवन्दी दरभाउपत्र निम्नानुसार मिति, समय र स्थानमा खरीद गरी दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका सिलवन्दी दर भाउपत्रहरू निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यलयमा खोलिनेछ । निजहरू उपस्थित नभएमा पनि सिलबन्दी दर भाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३.तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४.सिलवन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टि कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५.सिलबन्दी दरभाउपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकम धरौटीको रुपमा नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको यस नगरपालिकाको धरौटी खाता नं.१२०४७०३-००१-०३०-५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।

६.यस दरभाउपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना शाखामा सम्पर्क राख्न सकिनेछ ।

७.दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ ।

८.दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

९.दरभाउपत्र सम्बन्धी विस्तृत सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ ।

१०.यसमा उल्लेख भएदेखि बाहेकका कुराहरुको हकमा प्रतलित कानून अनुसार हुनेछ ।

| सि.नं. | कामको विवरण | दरभाउपत्र खरीद गर्ने अन्तिम मिति, समय र स्थान | दरभाउपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान | खोल्ने मिति, समय र स्थान १६ औं दिन, दिनको ५.०० बजे, | दरभाउपत्र खरीद मूल्य (पछि फिर्ता नहुने |
|---|---|---|---|---|---|
| १ | वडा नं.५ स्थित ढल्पा सडक रिटेनिङ्ग वाल निर्माण | प्रथम पटक प्रकाशित मितिले १५ औं दिन (विदाको दिन बाहेक) कीर्तिपुर नगरपालिका | १६औं दिन दिनको १२.०० बजेसम्म नगरपालिका कार्यालय | नगरपालिका कार्यालय | ३००/- |
| २. | वडा नं.५स्थित ढल्पा कालोपत्रे सडक मर्मत | " " | " " | " " | ३००/- |


DTC® को मोवाईल र सर्भिस सेन्टर
your voice, our passion
अब कीर्तिपुरमा
तपाईले सोचे भन्दा कम मूल्यमा DTC का smartphone
एक वर्ष warrenty को साथमा
GT 9
6" Touch Screen
1 GHz Dual Core Processor
Anroid 4.0.4
5MP Camera
3G/2G
Wifi
Dual Sim
2500mAh Battery
GT 7
4.3" Touch Screen
1 GHz Processor
Anroid 2.3.6
Gingerbread
5MP Camera
3G/2G
Wifi
Dual Sim
2500mAh Battery
GT 6
2 MP Rear Camera
1 GHz Processor
Anroid
Gingerbread
GSM/EDGE
3G/2G
Wifi
Dual Sim
Colour Display
GB3
GE5
Free Flip Cover on any
Samartphone of DTC
सीम कार्ड सित्तैमा
MOBILE MARKET 'N' KLINIC
LOKTANTRIC CHOWK
PHONE NO. 9851152393, 9843307412